नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

(प्रथमपटक सूचना प्रकाशित मिति : २०७६।०९।१८)

## लोकसेवा आयोगबाट सञ्चालन हुने सहायक सूचक पदको लागि दरखास्त आह्वान गरिएको सूचना

राष्ट्रिय अनुसन्धान विभागमा रिक्त रहेको सहायक सूचक (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह) पदमा खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधानअनुसार पदपूर्ति गर्नुपर्ने भएकोले विज्ञापन प्रकाशन गर्ने छनोट समितिको मिति २०७६।०९।१७ गतेको बैठकको निर्णयानुसार देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ।

(१) पद : सहायक सूचक सेवा : विशेष माग पद संख्या : २३२

| विज्ञापन नम्बर | पद तथा श्रेणी | माग पद संख्या | खुल्ला | समावेशी-१०४ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ. ज. ३२% | मधेशी २८% | महिला २०% | दलित १५% | पि.क्षे. ५% |
| १ ०७६ ०७७ | सहायक सूचक (रा.प.अनं.चतुर्थ श्रेणी सरह) | २३२ | १२८ | ३३ | २९ | २१ | १६ | ५ |

(२) (क) **शैक्षिक योग्यता :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण वा सो सरहको उपाधि प्राप्त गरेको। ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ। विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए सम्बन्धित निकायबाट समकक्ष निर्धारण गरिएको प्रमाणपत्र पनि पेस गर्नुपर्नेछ।

(२) (ख) **उमेर :-** २०७६ साल वैशाख १ गते १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको।

(३) **परीक्षाको किसिम :-** लिखित परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता।

(४) **दरखास्त फाराम भर्ने तरिका :-** राष्ट्रिय अनुसन्धान विभागको वेबसाइट www.nidept.gov.np मा login गरी व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरू सहित अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्न सकिनेछ। दरखास्त फाराममा भरिएका विवरणहरू विभागले प्रमाणित गरेपश्चात रोल नम्बर कायम गरिनेछ। तत्पश्चात अनलाइन प्रणालीबाट आफ्नो ID र Password Login गरी प्रवेशपत्र Print गर्न सकिनेछ।

(५) **अनलाइन दरखास्त भर्दा अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू :-**

*(प्रत्येक फाइल बढीमा 300 KB को हुनुपर्नेछ)*

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी वा फोटो।

(ग) उम्मेदवारको दस्तखतको स्क्यान कपी वा फोटो।

(घ) एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तिर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो।

(ङ) समावेशी समूह (आदिवासी/जनजाति, मधेसी, दलित र पिछडिएको क्षेत्र) तर्फ दरखास्त दिने उम्मेदवारहरूले अनिवार्य रूपमा आधिकारिक निकायबाट प्रमाणित भएको प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो।

(६) **पाठ्यक्रम पाइने वेबसाइट :-** परीक्षाको पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेबसाइट www.nidept.gov.np/career बाट download गरी प्राप्त गर्न सकिनेछ।

(७) **दरखास्त (राजश्व) दस्तुर :-** सहायक सूचक पदको लागि रु. १५०।-(एक सय पचास रूपियाँ) र एकभन्दा बढी प्रत्येक समूहका लागि रु. ३०।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

परीक्षा दस्तुर नेपालभरका राष्ट्रिय वाणिज्य बैंकका जुनसुकै शाखाबाट बैंक खाता नम्बर १०००२०००१००००, कार्यालयको कोड नम्बर ३०१०७३५०१, कार्यालयको नाम रा.अ.वि. र राजश्व शीर्षक नम्बर १४२२४ मा बुझाई सो भौचरको स्क्यान कपी वा फोटो अनलाइन प्रणालीबाट अनिवार्य रूपमा Upload गर्नुपर्नेछ।

(८) **दरखास्त दर्ता गरिने अवधि :-** गोरखापत्रमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७६।१०।१९ गतेसम्म) भित्र। दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट ७ दिन (मिति २०७६।१०।२६ गतेसम्म)भित्र दोब्बर दस्तुर तिरी दरखास्त दर्ता गर्न सकिनेछ।

(९) **परीक्षाको लागि सम्पर्क मिति :-** दोब्बर दस्तुर तिर्ने म्याद सकिएको एक हप्तापछि गोरखापत्र र विभागको वेबसाइटमा परीक्षा कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गरी जानकारी गराइनेछ।

(१०) **अन्य विवरण :-**

(क) रीत नपुर्‍याई दरखास्त भरेको उम्मेदवार परीक्षामा संलग्न हुन पाउने छैन।

(ख) लोकसेवा आयोगसँग परामर्श लिई तयार पारिएको राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको आधारमा पदपूर्ति गरिनेछ।

(ग) उम्मेदवारहरूले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ।

(घ) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को परीक्षामा सम्मिलित गराइनेछ।

(ङ) लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई सशस्त्र प्रहरी बल, नेपालको अस्पतालबाट विस्तृत स्वास्थ्य परिक्षण गराइनेछ।